दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ०६ | बुटवल | २०८१ पौष १६, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Dec.31, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# संविधान संशोधनको गृहकार्यमा सत्तारूढ दलहरू

लुम्बिनी संवाददाता
बुटवल

सत्तारूढ कांग्रेस र एमाले संविधान संशोधनका लागि राजनीतिक संयन्त्र बनाउने निर्णयमा पुगेका छन्। दुई दलका शीर्ष नेतासहित बालुवाटारमा पछिल्लो समय भएको शृंखलाबद्ध बैठकले संविधान संशोधनको गृहकार्य गर्न संयन्त्र गठन गर्ने र असार १७ मा दुई दलबिच भएको सातबुँदे सहमति कार्यान्वयनका लागि ठोस योजना अघि सार्ने तयारी थालेका हुन्।

कांग्रेस र एमालेले संविधान संशोधनको मूल एजेन्डा बनाएर असार १७ मा सत्ता सहकार्यको सातबुँदे सहमति गरेका थिए। सातबुँदे सहमतिको मुख्य विषय नै संविधान संशोधन गर्ने थियो।

सहमतिको २ नम्बर बुँदामा 'राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानुन निर्माणलाई प्राथमिकता दिने' उल्लेख छ। तर यसबिचमा सत्ता गठबन्धनले संविधान संशोधन सम्बन्धमा ठोस योजना अघि सारेको छैन।

पछिल्ला बैठकमा सहभागी हुँदै आएका गृहमन्त्री रमेश लेखकले संविधान संशोधनको गृहकार्य अघि बढाउन दुई दल सम्मिलित कार्यदल गठन गर्ने निर्णय भएको बताए। उनका अनुसार संयन्त्रले नयाँ संविधान कार्यान्वयनको १० वर्षको समीक्षा गर्दै संशोधनका विषय पहिचान गर्नेछ।



सरकारको स्थायित्वका लागि समानुपातिक समावेशिताको विकल्प खोजेर प्रतिनिधिसभालाई प्रत्यक्ष प्रतिनिधिको थलो बनाउनुपर्नेमा दुई दलको प्रमुख जोड छ। राष्ट्रिय सभालाई समानुपातिक समावेशिता बनाउने वा निर्वाचन क्षेत्रलाई नै समावेशी बनाएर जाने प्रस्ताव अघि सारिएको छ।

प्रमुख प्रतिपक्षी माओवादीले भने निर्वाचन प्रणालीमा संशोधन गर्न खोजेर समानुपातिक समावेशीको व्यवस्था कमजोर बनाउन खोजिएको भन्दै संशय व्यक्त गरेको छ। माओवादीले समानुपातिक र समावेशीसहितका व्यवस्थालाई अझ मजबुत बनाउन मात्रै संविधान संशोधन गर्नुपर्ने अडान राख्दै आएको छ।

माओवादीका महासचिव देव गुरुङले कांग्रेस र एमाले ०४७ सालको संविधानतिर फर्कन चाहेको आरोप लगाउँछन्। दुई दलले बलमिचाइ गरे माओवादीसहितका राजनीतिक दलहरू त्यसको विरुद्धमा उभिने गुरुङले बताए। माओवादीले प्रतिनिधिसभालाई प्रत्यक्ष निर्वाचितको थलो नभएर पूर्ण समानुपातिक, समावेशी निर्वाचन प्रणाली बनाउनुपर्ने प्रस्ताव अघि सार्दै आएको छ।

'कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचनबाट आउन सक्ने व्यवस्थामा जान सकिन्छ, संघीय प्रणाली पहिचानसहितको हुनुपर्छ।'- गुरुङ भन्छन्।

एकीकृत समाजवादीले भने संविधान कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्न कार्यदल नै बनाएको छ। पार्टीको स्थायी समिति बैठकले उपाध्यक्ष प्रकाश ज्वालाको संयोजकत्वमा गरिमा शाह, गणेश विश्वकर्मा, रामचन्द्र यादव र घनप्रसाद गौतम रहेको कार्यदल बनाएको छ। 'संविधान संशोधन गर्नुपर्ने विषय कार्यदलले पहिचान गर्नेछ,' उपाध्यक्ष बेदुराम भुसालले भने- 'त्यसपछि हामी संविधान संशोधनबारे धारणा बनाउँछौं।'

» बाँकी ३ पेजमा

## 'गिरीबन्धु टि-इस्टेटको फाइल खोलेरै छाड्छु'



बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गिरीबन्धु टि-इस्टेट प्रकरणको फाइल खोलेरै छाड्ने दोहोऱ्याएका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापामा आयोजित माओवादीको खबरदारीसभालाई सम्बोधन गर्दै उनले भ्रष्टाचारको सुई कांग्रेस र एमालेको हेडक्वार्टरतिर सोझिएपछि आफूलाई सरकारबाट हटाएको दाबी गरे।

उनले प्रधानमन्त्री ओलीको दिमागमा जालझेलबाहेक अरु केही नभएको आरोप लगाए।प्रचण्डले ओलीले जालझेल मात्रै गरिराख्ने आरोप लगाउँदै गिरीबन्धु टि-इस्टेटमा उनले गरेको बदमासीलाई पर्दाफास गरेरै छाड्ने बताए। 'गिरीबन्धु, ओम्नी, वाइडबडीको फाइल खोल्छु, मलाई अलोकतान्त्रिक शैलीमा हटाइयो, मेरो सुई गिरीबन्धुतिर जाँदै थियो, त्यहाँ जानु भनेको ओलीतिर जाने भनेको हो।'-उनले भने। 'बेचन झा गिरफ्तार भइसकेपछि सुई अर्कोतिर पनि सोझियो। त्यही भएर आतंक भएको हो, यो भ्रष्टाचारीलाई जोगाउन बनेको सरकार हो।

» बाँकी ३ पेजमा

## भिम रावलले पार्टी खोल्दै



बुटवल। नेकपा एमालेबाट निष्कासनमा परेका नेता डा. भीम रावलले पार्टी घोषणा गर्ने भएका छन्।

स्रोतका अनुसार भोलि बुधबार दिउँसो १ बजे काठमाडौंको कार्की बैन्क्वेटमा पार्टी घोषणा गर्नेगरी पत्रकार सम्मेलन आयोजना हुने भएको छ। सोमबार बिहान मात्रै उनले नेपाली कांग्रेस (बीपी)का उप-सभापति कर्ण मल्ल र सुदूरपश्चिम प्रदेशसभाका स्वतन्त्र सांसद डा. तारा जोशीसँग भेटवार्ता गरेका थिए।

मल्ल कांग्रेस डडेल्धुराका पूर्वसभापति हुन्। भेटवार्तामा रावलले विभिन्न पार्टीबाट अन्यायमा परेकाहरू एकठाउँमा आएर बलियो शक्ति निर्माण गर्नुपर्ने प्रस्ताव राखेका स्रोतले बतायो।

» बाँकी ३ पेजमा

## दिउँसो शिक्षण, साँझ-बिहान मौरीपालन

लुम्बिनी संवाददाता
बुटवल

शिक्षण पेशा गरिरहेका रुपन्देही सैनामैनाका हुमाकान्त पोख्रेललाई मौरी पालनबाट आम्दानी गर्न सकिन्छ भन्ने खासै विश्वास थिएन। मौरी पालन गरेर घरमै मात्र प्रयोग हुन्छ भन्ने कुरामा विश्वास गर्ने हुमाकान्तको जीवनमा आजभोलि भने धेरै परिर्वतन आएको छ। पछिल्लो समय मौरी पालन सुरु गरेर घरमा मह किन्न बिस्तारै मानिसहरू आउन थालेपछि उनले अहिले व्यवसायिक रूपमै मौरी पालन गरेर राम्रो आम्दानी गर्न थालेका छन्।

अहिले उनले मौरी पालनबाटै घर व्यवहार चलाउनुका साथै वार्षिक केही रकम बचत गर्ने समेत गरेका छन्। बुटवलबाट १६ किलोमिटरमा पश्चिममा पर्ने सैनामैना-५ बुद्धनगरमा हुमकान्तले मौरीपालन व्यवसाय गरिरहेका छन्। उनको यात्रामा श्रीमती तारा पोख्रेल सहयात्री बनेकी छन्।

हुमाकान्तले दिउँसोको समय विद्यार्थीहरुलाई पढाउँछन् भने बिहान र साँझ मौरीको हेरचाहमा समय कटाउँछन्। उनको करिव ७० देखि ७६ मौरीका घार राखेका छन्। कहिले सैनामैनाका विभिन्न स्थान, लुम्बिनी र दाङमा मौरी चराउन लैजाने गरेको हुमाकान्त बताउँछन्।

उनले २०७० सालबाट मौरी पाल्न सुरु गरेका हुन्। तर व्यवसायिक रुपमा पाल्न थालेको भने २०७२ सालदेखि हो। त्यसयता जुनतारा मौरी फार्म दर्ता गरी उनले मौरीपालन व्यवसाय अँगाल्दै आएका छन्।

शिक्षक पोख्रेलले गतवर्ष मात्रै साउदी र कतारमा करिव ८ सय किलो मह निर्यात गेका थिए। अहिले १२ सय किलो महको माग रहेको पोख्रेल बताउँछन्। बुटवल, भैरहवा, पाल्पा, कपिलवस्तुका साथै कञ्चन गाउँपालिका र गैंडहवा गाउँपालिकाका बासिन्दा मह खरीद गर्न पोख्रेलकहाँ पुग्छन्।

"एक घारबाट एकपटकमा ७ देखि ८ केजी महसम्म उत्पादन हुने गरेको छ।"-उनले भने। सुदूरपश्चिमको डोटी, डडेल्धुरा, रुकुम रोल्पातिरका मौरीले बढी मह दिने भएकाले ती मौरी ल्याएर नश्ल सुधार गरी उत्पादन वृद्धि गर्ने र समग्र मौरीपालक कृषकको आयआर्जन बढाउने योजना पनि रहेको उनले बताए।

"विदेशमा हरेक भान्सामा महको प्रयोग हुन्छ, हामी दाल, भात, तरकारी माछा, मासुलाई प्राथमिकता दिन्छौं, महलाई कसरी खाने भन्ने ज्ञान पनि हामीसँग छैन। यसको प्रयोग हरेक भान्सामा बढाउन जरुरी छ।"-पोख्रेल भन्छन्।

महको नाउँमा केही डुलन्ते व्यक्तिले घरघरमा चिनीको चास्नी मिलाएर बेच्ने गरेकाले पनि महको गुणस्तरमा प्रश्न उठिरहेको उनको भनाइ छ।

घारदेखि मह बाहिर निकालेकै दिन मह लिन आउनेको संख्या धेरै हुने गरेको पोख्रेलको अनुभव छ। मौरीपालन व्यवसायमा उनलाई श्रीमती तारा बन्जाडेले सहयोग गरिरहेकी छन् भने यसैको आम्दानीबाट छोरा उत्सव पोख्रेल र छोरी कामना पोख्रेलले शिक्षादीक्षा पाएका छन्।

पोख्रेल लामो समयदेखि गजेडी माध्यमिक विद्यालयमा अध्यापन गर्दै आएका छन्। मौरीपालन पेशा गरेर वार्षिक १० लाख आम्दानी गर्दै आएको र ३ लाख ५० हजार खर्च हुने उनको भनाइ छ।

*-दिनेश घिमिरे (कञ्चन) बाट*



# दीक्षित भएर फर्केपछि दिक्क !



मिलन तिमिल्सिना

‘सर नमस्कार, मेडम नमस्कार’ भन्दै चारतिर चाहा्यो । कसैले पढाइ त रैछ, तर अनुभव रैनछ भन्दै फर्काइदिए । कसैले पढाइ भएर के गर्नु, हामीलाई चाहिएकोजस्तो ज्ञान र सीप हुनुपर्‍यो नि भन्दै लोप्पा खुवाइदिए । कसैले जागिर त दिन सकिन्छ, तर तलब चाहिँ त्यस्तै हो भनेर टारिदिए । सबैतिरबाट धोका पाएपछि उसले आफैं केही गर्छु भन्ने आँट गर्‍यो । सरकारले प्रमाणपत्र धितो राखेर ऋण पाइन्छ भनेको थियो । तर ऋण पाउनै गाह्रो । कसैले धितो भएन भने । कसैले विश्वसनीय योजना खै भनेर सोधे । आफैंले काम गर्ने योजना त कलेजमा पढेको भए पो दिने ! जागिर खान र पास हुनका लागि पढियो । आफैं स्वरोजगार हुने योजना न कलेजले पढायो, न आफैंले पढियो !




टाउकोभन्दा ठूलो छत्रे टोपी । ज्यानभन्दा लामो गाउन । पानी परेको भए टोपीले छाताको काम गर्थ्यो, गाउनले रेनकोटको । तर बादल मात्रै लाग्यो, पानी परेन । पानी नपरेपछि हातको प्रमाणपत्र भिज्ने डर पनि भएन ।

वरपर आफूजस्तै मान्छे । उस्तै टोपी र गाउनले आफू र अर्को छुट्याउन पनि मुश्किल । फुरफुर भएर बसेका १४ हजारको भीडमा छिर्दा आफ्नो नाक पनि ठूलो भयो । मन त्यसै गदगद । बुरुक्क उफ्रँदै छमछम नाचौंजस्तो । यस्तो झिल्के लुगा लगाएको बेला नउफ्रे कहिले उफ्रने ? अहिले ननाचे कहिले नाच्ने ? साथीहरूको तालमा छत्रे टोपी माथितिर फ्याँकेर बुरुक्क उफ्रँदा आकाश छोएजस्तै भयो । हातमा प्रमाणपत्र बोकेर गाउन फरर बनाउँदै छमछमी नाचेको फोटो र भिडियो फेसबुक, इन्स्टाग्राम, टिकटकमा राखेपछि भएभरका सपना एकसाथ पूरा भएजस्तै सन्तुष्टि मिल्यो । फोटो र भिडियोमा टन्नै लाइक र कमेन्ट देखेपछि यतिका वर्ष पढेको बल्ल काम लागेजस्तो भयो ।

दीक्षित हुँदाको रमझममा बस्दासम्म पढेर पास भएको र प्रमाणपत्र हात परेकोमा मात्रै ध्यान केन्द्रित थियो, रमाइलै भयो । दीक्षान्तबाट फर्केपछि रमझम र रमाइलोको मात्रा घट्न थाल्यो । दीक्षित हुँदैमा र प्रमाणपत्र हात पर्दैमा जागिर पाइँदैन । जागिर पाइयो भने पनि पैसा पाइँदैन । देशमै अवसर छ भनेर दङ्ग परे पनि अवसर आफैं खोज्दै आउँदैन । अवसर पर्खँदापर्खँदै विदेश भौंतारिनुपर्छ । पहिले दीक्षित भएर यसैगरी दिग्दार भएका साथीहरूको याद आयो ।

एक जना साथीले राम्रै अङ्क ल्याएर पास गर्‍यो । पढाइमा खप्पिस । लोक सेवाको परीक्षामा सफल नभए पनि कलेजको परीक्षामा सधैँ पास । पास भएको प्रमाणपत्र बोकेर दीक्षित हुँदा ऊ पनि खुशीले गदगद थियो । सरकारी जागिर नभएर के भो त, यत्रो पढेलेखेको मान्छेले कुनै न कुनै निजी कार्यालयमा काम पाइहाल्छ नि भनेर प्रमाणपत्र बोकेर ठाउँठाउँमा भौंतारियो । बल्लबल्ल एउटा कार्यालयमा पढाइअनुसारको पदमा आवेदन दिने मौका मिल्यो । दङ्ग पर्दै अन्तर्वार्ता दिन गयो । अन्तर्वार्ता लिनेले ओल्टाइपल्टाइ प्रमाणपत्र हेरे । प्रश्नहरू सोधे । तर आफ्नो कार्यालयमा चाहिएअनुसार योग्यता नपुगेको भन्दै फर्काइदिए । अर्को ठाउँमा पनि त्यसै गरे । पढ्न त पढेको हो, पास पनि भएको हो । तर किताबमा पढेको र घोकेको कुरा व्यवहारमा कतैकतै मात्र मिल्दो रहेछ । धेरैतिर काम एकातिर, पढाइ अर्कोतिर । दीक्षान्त समारोहमा छत्रे टोपी लगाएर उहिल्यै फोटो खिचेको त्यो साथी अझैं प्रमाणपत्र बोकेर काम खोज्दैछ ।

ऊसँगै दीक्षित भएका दुई जना साथीमध्ये एक जना लोकसेवा पास गरेर सरकारी जागिर खाँदैछ । अर्को चाहिँ प्राइभेटमा काम गर्छ । सरकारी जागिरे भन्छ-‘जागिर त पाइयो यार, तर तलबले पुग्दैन । यताउता, तलमाथि, दायाँबायाँ गर्न जानिएन भने त चोखो तलबले पेट पाल्न पनि मुश्किल छ ।’ प्राइभेटमा काम गर्ने साथी भन्छ-‘जागिर त राम्रै हो यार तर बेलामा तलब पाइँदैन । कोभिड अघिसम्म त ठिकै थियो । त्यसपछि न तलबको ठेगान छ, न कामको ।’

उ बेलै दीक्षित भएर छत्रे टोपी ढल्काएको अर्को साथी चाहिँ अहिले विदेशमा भाँडा र भुइँ टल्काउँछ । दीक्षित हुने बेला उसले पनि भनेको थियो, ‘देशमै अवसर छ, विदेश गइँदैन ।’ यति भनेर गजक्क परेर बसेको साथीलाई अवसरले खोज्दै आएन । अवसरले आफूलाई नखोजेपछि ऊ अवसर खोज्न हिँड्यो । ‘सर नमस्कार, मेडम नमस्कार’ भन्दै चारतिर चाहा्यो । कसैले पढाइ त रैछ तर अनुभव रैनछ भन्दै फर्काइदिए । कसैले पढाइ भएर के गर्नु, हामीलाई चाहिएकोजस्तो ज्ञान र सीप हुनुपर्‍यो नि भन्दै लोप्पा खुवाइदिए । कसैले जागिर त दिन सकिन्छ तर तलब चाहिँ त्यस्तै हो भनेर टारिदिए । सबैतिरबाट धोका पाएपछि उसले आफैं केही गर्छु भन्ने आँट गर्‍यो । सरकारले प्रमाणपत्र धितो राखेर ऋण पाइन्छ भनेको थियो । तर ऋण पाउनै गाह्रो । कसैले धितो भएन भने । कसैले विश्वसनीय योजना खै भनेर सोधे । आफैंले काम गर्ने योजना त कलेजमा पढेको भए पो दिने ! जागिर खान र पास हुनका लागि पढियो । आफैं स्वरोजगार हुने योजना न कलेजले पढायो, न आफैंले पढियो ! त्यसपछि प्रमाणपत्र दराजमा थन्काएर विदेश हानिएको साथी बेलाबेला भन्ने गर्छ, ‘विदेशमा पनि पैसा फल्ने रुख त हुँदो रहेनछ यार । तै पनि उता भाँडा माझ्न लाज लाग्थ्यो, यहाँ लाग्दो रहनेछ । विदेशमा टन्न कमाउनेहरू पनि छन्, दुःख पाउनेहरू पनि ।’

उ बेला दीक्षित भएका साथीहरूको हविगत सम्झेर दिक्क भइरहँदा दीक्षान्त समारोहबाट सँगै फर्किएकी बहिनीले मोबाइल देखाउँदै भनिन्, ‘दाइ हेर त तेरो फोटोमा भन्दा मेरो फोटोमा लाइक र कमेन्ट कति धेरै !’

उज्यालोबाट

# गैँडाकोट हाफ म्याराथनको उपाधि मुकेशलाई

नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा सञ्चालन भएको ‘गैँडाकोट हाफ म्याराथन-२०२४’ को उपाधि आर्मीका धावकले जितेका छन् । सोमबार भएको प्रतियोगितामा निर्धारित २१ किलोमिटर दूरी एक घण्टा १६ मिनेट आठ सेकेन्डमा पूरा गर्दै त्रिभुवन आर्मी क्लबका धावक मुकेशबहादुर पाल प्रथम भएका हुन् ।

प्रथम भएका पालले नगर रु एक लाख पुरस्कार प्राप्त गरेका छन् । त्यस्तै, प्रतियोगितामा सशस्त्र प्रहरी बलका धावक गोपीचन्द्र पार्की दोस्रो भएका छन् । पार्कीले निर्धारित दूरी एक घण्टा १७ मिनेट ४३ सेकेन्डमा पूरा गर्दै रु ५० हजार पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा त्रिभुवन आर्मीकै धावक नरेन्द्र सिंह रावत तेस्रो भएका छन् । रावतले एक घण्टा १८ मिनेट ५१ सेकेन्डमा दूरी पार गर्दै रु २५ हजार पुरस्कार प्राप्त गर्न सफल भएका हुन् । प्रतियोगितामा एक घण्टा २१ मिनेट ५५ सेकेन्डमा दूरी पार गर्दै त्रिभुवन आर्मीका सञ्जय श्रेष्ठ, एक घण्टा २२ मिनेट १७ सेकेन्डमा दूरी पूरा गर्दै आर्मीकै रामजी बस्नेत, एक घण्टा २८ मिनेट १० सेकेन्डमा दूरी पूरा गर्दै स्याङ्जाका धनु मानन्धर, एक घण्टा ३४ मिनेट ४६ सेकेन्डमा दूरी पूरा गर्दै काठमाडौंका मिङ्मारसिंह तामा र एक घण्टा ३५ मिनेट ४९ सेकेन्डमा दूरी पूरा गर्दै सशस्त्र प्रहरी बलका खेमबहादुर शाहीले सान्त्वना भए ।

प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्ने पाँचजना खेलाडीलाई नगद रु पाँच/पाँच हजार पुरस्कार प्रदान गरिएको विजय फाउन्डेसन नेपालका अध्यक्ष त्रिलोचन सापकोटाले जानकारी दिए । प्रतियोगितामा अपाङ्गता भएका (दाहिने हात नभएका) धावक दोलखाका नवराज कार्कीले एक घण्टा ४६ सेकेन्ड २१ मिनेटमा दूरी पार गर्न सफल भएकाले उनलाई हौसलास्वरूप र तीन हजार पुरस्कार प्रदान गरिएको थियो ।

विजय फाउन्डेसन नेपालको आयोजनामा भएको दोस्रो संस्करणको प्रतियोगितामा देशभरका एक सय ४१ धावकको सहभागिता रहेको सापकोटाको भनाइ छ । प्रतियोगितामा महिलातर्फको उपाधिसमेत त्रिभुवन आर्मी क्लबकै धावकले जितेकी छिन् । त्रिभुवन आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले २१ किलोमिटरको दूरी एक घण्टा ४८ मिनेट ४६ सेकेन्डमा पूरा गर्दै महिलातर्फ पहिलो भएकी हुन् । न्यौपानेले रु २५ हजार पुरस्कार प्राप्त गरिन् ।

त्यस्तै, महिलातर्फ नवलपुरको गैँडाकोट-६ की अनु मगरले दुई घण्टा ४१ मिनेट पाँच सेकेन्डमा निर्धारित दूरी पार गर्दै दोस्रो र चितवनको कालिका-८ की सुनीना मगरले तीन घण्टा एक मिनेट ३७ सेकेन्डमा दूरी पार गर्दै तेस्रो भइन् । महिलातर्फ दोस्रो र तेस्रो हुने धावकहरूले क्रमशः रु १५ हजार र रु पाँच हजार पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगिताअन्तर्गत नै आयोजना गरिएको पाँच किलोमिटर दूरीको विद्यार्थीमैत्री दौडमा जनक नमूना माविका मनुप थापा पहिलो भएका छन् । उनले ३२ मिनेट ३५ सेकेन्डमा दूरी पूरा गर्दै रु १० हजार पुरस्कार प्राप्त गरे । प्रतियोगितामा कालिका माविका अनमोल विटालोले ३२ मिनेट ४४ सेकेन्डमा दूरी पार गर्दै रू पाँच हजार तथा जनक नमूना माविकै दीपेश मगरले ३२ मिनेट ५२ सेकेन्डमा दूरी पार गर्दै रु तीन हजार पुरस्कार प्राप्त गरे ।

त्यस्तै, प्रतियोगितामा छात्रातर्फ विजय सामुदायिक शिक्षा सदनकी सुर्ताना दराईले ४३ मिनेट तीन सेकेन्डमा दूरी पार गर्दै पहिलो हुँदा रु पाँच हजार पुरस्कार प्राप्त गरिन् । प्रतियोगितामा ४४ मिनेट पाँच सेकेन्डमा दूरी पार गर्दै विजय सामुदायिक शिक्षा सदनकी सामना गौतमले रु तीन हजार, ४५ मिनेट १२ सेकेन्डमा दूरी पार गर्दै जनक नमूना माविकी गरिमा अधिकारीले रु दुई हजार पुरस्कार प्राप्त गरिन् । विद्यार्थीमैत्री दौडमा गैँडाकोट नगरपालिकाभित्र रहेका कक्षा १० सम्म अध्ययन गर्ने तीन सय दुईजना खेलाडीको सहभागिता रहेको थियो ।

प्रतियोगितामा गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारी, धावक वैकुण्ठ मानन्धरसहितले धावकहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा अधिकारीले खेलकुदको क्षेत्रमा नगरपालिकाले सक्दो लगानी गरिरहेको बताए । उनले आगामी दिनमा समेत पालिकाले खेलकुदको क्षेत्रलाई प्रवर्द्धन गर्नेगरी नीति तथा योजना बनाएर काम गर्दै जाने जनाए ।

## सम्पादकीय

# भन्सार राजस्व बढाउने उपाय

देशको दोस्रो ठूलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा कुल लक्ष्यको ३५ प्रतिशत मात्रै राजस्व संकलन गर्न सफल भएको छ । गत वर्ष लक्ष्य पूरा गर्न नसकेपछि यो वर्ष राजस्व संकलनको लक्ष्य घटाइएको थियो । देशको आम्दानी भन्सार राजस्वमा निर्भर रहेको र भन्सार राजस्व अपेक्षित संकलन हुन नसकिरहेकोले त्यसको असर मुलुकको समग्र संरचनामा परिरहेको छ । चालु आवमा राजस्व संकलनमा सुधार आउने अपेक्षा गरिएको भए पनि अपेक्षित सुधार हुन सकेन् ।

आयात-निर्यात हुने पहिलो वीरगञ्ज भन्सार कार्यालयपछि भैरहवा भन्सार कार्यालयले लगातार तीन वर्षदेखि लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन ।भन्सार विभागले भैरहवा भन्सार कार्यालयलाई आव २०८०/०८१ मा १ खर्ब २७ अर्ब ८३ करोड ६६ लाख राजस्व संकलनको लक्ष्य दिएकोमा ८० अर्ब ७२ करोड अर्थात् लक्ष्यको ६३ दशमलव २४ प्रतिशत राजस्व संकलन भएको छ । आब २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत र २०७९/०८० मा लक्ष्यको ४९ प्रतिशत राजस्व संकलन भएको थियो । भन्सार राजस्वमा निर्भर देशको आम्दानी भन्सार राजस्व न्यून संकलन भएसँगै घटेको छ । आम्दानी घट्दा सरकारलाई चालु खर्च धान्न सकस परिरहेकोले विकास खर्च झन टाढाको विषय भएको छ ।

अहिले आयात अपेक्षित सुधार हुन सकेको छैन । निर्यात पनि आशालाग्दो छैन । त्यसैको असर राजस्व संकलनमा परेको छ । आर्थिक मन्दीले व्यक्तिको उपभोग क्षमता बढ्न नसक्दा आयातमा सुधार हुन सकेको छैन । भारतमा सिमेन्ट, किलिङ्कर, प्लाइउड, अदुवालगायतको निकासी आशालाग्दो सुधार हुन सकेको छैन । भारतले नेपालको निर्यात व्यापारमा सहयोगी बनिरहेको छैन । अनेकौं व्यवधानलाई पन्छाउनुपर्ने झण्झटले नेपाली कृषि उत्पादन भारत निकासीमा अप्ठ्यारो छ । नेपाल-भारतबिचको खुला सीमाका कारण चोरी तस्करीले पनि अपेक्षित राजस्व संकलन भएको छैन । बजारमा सामान आउने, तर भन्सार विन्दु छलेर आउने प्रवृत्ति बढेकाले पनि राजस्व संकलन प्रभावित भएको छ । सीमा क्षेत्रमा चोरी तस्करी नियन्त्रण गर्न कडाइ गर्नका लागि सरोकारवाला निकायको समन्वयात्मक परिचालन आवश्यक छ । केही दिनअघि भैरहवामा भएको सुरक्षा गोष्ठीमा सम्बोधन गर्दै गृहमन्त्री रमेश लेखकले चोरी तस्करी नियन्त्रण गर्न प्रहरी सक्रिय हुन निर्देशन दिएका थिए । त्यसपछि प्रहरीको सक्रियता बढेको र नियन्त्रणमा सुधार आएको तथ्याङ्क भेटिदैन ।

अर्कोतर्फ सरकारले २०७८ पुष ५ गतेबाट लागू भएको अनिवार्य प्रतितपत्र (एलसी)खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेकाले पनि आयात न्यून हुँदा राजस्व संकलन प्रभावित भएको हो । यो व्यवस्था लागू हुनु अघि मंसिरसम्म राजस्व संकलन राम्रो देखिन्छ । प्रतितपत्र खोल्न नसक्ने साना व्यवसायीले आयात गर्न नसक्ने भए । सरकारी नीतिकै कारण पनि चोरी तस्करीलाई बल पुगेको छ ।

प्रहरी युनिटबिचको सक्रिय परिचालनले तस्करी नियन्त्रण हुन सक्छ । भन्सार विन्दुभन्दा बाहिरबाट हुने आयातलाई रोक्न प्रहरी सक्रियता अनिवार्य छ । राजस्व सुधारका लागि भन्सार कार्यालयभित्रको आन्तरिक प्रशासन सुधार र जवाफदेहीता पनि उत्तिकै आवश्यक छ ।

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला बाँझकटेरी गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मदाने गा.पा. वडा नं. ०२, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री नाम बहादुर मगरको छोरी श्री वेग बहादुर घर्ती मगरको पत्नी बर्ष ९० की श्रीमती चन्द्र माया मगर(नागरिकता नं. ७३३५ जि.प्र.का गुल्मी मिति २०४४/१२/२९ मा जारी) को मिति २०८१/०४/३० गते मृत्यु भएकोले यस बैंकको डी.एस.बी गुल्मी शाखामा रहेको बचत खाता नं ४४११५२४०३०००५४ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री होम बहादुर मगरले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती चन्द्र माया मगर (नागरिकता नं. ७३३५ जि.प्र.का गुल्मी मिति २०४४/१२/२९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

बाग्लुङ जिल्ला बोहरा गाउँ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल बाग्लुङ जिल्ला, निसी खोला गा.पा. वडा नं. ०४, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री मने घर्तीको छोरी श्री गनपती घर्तीको पत्नी बर्ष ८०की श्रीमती हस्तीका मगर्नी( नागरिकता नं. १६७२/३२६३ जि.प्र.का बाग्लुङ मिति २०४४/१२/१२ मा जारी) को मिति २०८१/०४/१५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५०९७ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री खीम घर्तीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती हस्तीका मगर्नी (नागरिकता नं. १६७२/३२६३ जि.प्र.का बाग्लुङ मिति २०४४/१२/१२मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला जुभुङ गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०७, बस्ने श्री शेर बहादुर थापाको नातीनी श्री जोक बहादुर थापाको छोरी श्री छविलाल खड्काको पत्नी बर्ष ७५की श्रीमती जुनाकला भन्ने जुनकला खड्का(नागरिकता नं. ७६४२ जि.प्र.का गुल्मी मिति २०४४/१२/२० मा जारी) को मिति २०८१/०४/१४गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४४८७ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री पुर्णबहादुर खड्काले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती जुनाकला भन्ने जुनकला खड्का(नागरिकता नं. ७६४२ जि.प्र.का गुल्मी मिति २०४४/१२/२० मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, ईस्मा गा.पा. वडा नं. ०२, बस्ने श्री शेखर कुमालको नातीनी श्री शंखरे कुमालको छोरी श्री कर्ण बहादुर कुमालको पत्नी बर्ष ७४की श्रीमती धनिकला भन्ने धनिकला कुमाल (नागरिकता नं. १८७८ जि.प्र.का गुल्मी मिति २०४५/०२/२३ मा जारी) को मिति २०८०/०८/०७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२६४० मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री यम बहादुर कुमालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती धनिकला भन्ने धनिकला कुमाल (नागरिकता नं. १८७८ जि.प्र.का गुल्मी मिति २०४५/०२/२३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

# थप एक नेपालीमा मङ्किपक्स पुष्टि




काठमाडौं । थप एक नेपालीमा मंकिपक्स पुष्टि भएको छ । साउदी अरेबियाबाट आएका ४४ वर्षीय पुरुषमा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी गराए ।

उनले भने-"थप एक जनामा पुष्टि भएको सत्य हो । परीक्षणको क्रममा सङ्क्रमण देखिएको छ । सङ्क्रमणको पृष्ठभूमिबारे छिट्टै थप विवरण सार्वजनिक गर्नेछौँ ।"

गत पुस ५ गते तनहुँका ३६ वर्षीय एक पुरुषमा सङ्क्रमण पुष्टि भएको थियो । उनी पनि साउदी अरेबियाबाटै फर्किएका थिए । यसअघि नेपालमा पहिलो पटक विदेशी नागरिकमा २०८० असार १ गते मङ्किपक्स सङ्क्रमण पुष्टि भएको थियो ।

मङ्किपक्सको सङ्क्रमण बिफर रोग प्रजातिको भाइरसबाट हुने गर्छ। एमपक्स रोग मानिसबाट मानिसमा वा जनावरबाट मानिसमा सर्दछ । यो रोग सङ्क्रमित व्यक्ति वा सङ्क्रमित पशुसँगको सम्पर्कमा आउँदा घाउ खटिरा, बिमिराको सम्पर्क, शरीरबाट निस्किएको तरल पदार्थजस्तै थुक, र्‍याल, भाइरसबाट दुषित सतह र सामग्रीको प्रत्यक्ष), सङ्क्रमित बाँदर, मुसा, लोखर्केलगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ ।

## संविधान...

यसैबिच नेकपा (एमाले) का महासचिव शंकर पाखरेलले सर्वदलिय सहमतिमा संविधान संशोधन प्रक्रिया अगाडि बढाउने बताएका छन् ।

नेकपा (एमाले) दाङ प्रचार तथा प्रसार विभागले सोमबार आयोजना गरेको कार्यक्रममा महासचिव पोखरेलले संविधान कार्यान्वयनको एक दशकको समीक्षा गरेर अधिकतम सहमतिको आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउने बताएका हुन् ।

'संविधान कार्यान्वयनको एक दशकको समीक्षा गरेर अधिकतम सहमतिको आधारमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने कांग्रेस-एमालेको तयारी सुरु भएको छ,' महासचिव पोखरेलले भने-'संविधान संशोधनको मुद्दा भिकेर अस्थिरता पैदा गर्ने खेल हुन सक्छ। परिस्थिति परिपक्व नहुँदासम्म संविधान संशोधनको काम अघि बढ्न सक्दैन ।'

तीन तहका सरकारको कामलाई प्रभावकारी बनाउनेगरी संरचना सुधार, अधिकारमा स्पष्टता र कानून सुधार गरेर जान सक्ने बारेमा समेत गृहकार्य गरिरहेको महासचिव पोखरेलले बताए ।

उता नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले संविधान संशोधनका लागि कांग्रेस र एमाले पछिल्लो हप्ता केही हप्ता सक्रिय भएको भन्दै उनले सबै दलसँग मिलेर संशोधन गर्नुपर्नेमा जोड दिए । 'संविधान जस्तो कुरा अन्य दलहरुसँग पनि मिलेर गर्नुपर्ने हुन्छ, माओवादी, मधेसका दलहरु, रास्वपा अन्य दलहरुसँग मिलेर संविधान सुधारका कुरा गर्नुपर्छ, नेपाली कांग्रेस र एमाले मात्रै मिलेर गर्छौं भन्ने सोच्यौं भने त्यो फेरि गलत बाटोतिर हामी जान थाल्छौं ।'-डा. कोइरालाले भने ।

## गिरीबन्धु...

यसले जनताको पक्षमा काम गर्नै सक्दैन ।'-प्रचण्डले भने । प्रचण्डले अहिलेको सरकारले संविधान, देश र लोकतन्त्रकाविरुद्धमा काम गरिरहेको आरोप लगाएका छन् ।

'यो सरकारले साँच्चै नै भ्रष्ट र दलालका पक्षमा काम गर्दै छ, संविधान, देश र लोकतन्त्रका विरुद्धमा काम गर्दैछ,' प्रचण्डले भने-'अहिलेको सरकार अलोकतान्त्रिक, असंवैधानिक र अप्राकृतिक हो ।' प्रचण्डले २०८४ को निर्वाचनमा आफ्नो पार्टी पहिलो बन्ने दाबी पनि गरेका छन् ।

## भिम...

कांग्रेस पृष्ठभूमि र अन्य राजनीतिक दलबाट आउने नेताहरुलाई समेत मान्य हुने पार्टीको नाम राख्ने रावलको भनाई रहेको डा. जोशीले जानकारी दिए । 'उहाँले नयाँ पार्टी बनाउने निश्चित भइसकेको छ,' डा. जोशीले भने-'कम्युनिष्ट नाम नभएको पार्टी हुन्छ, अब कम्युनिष्ट नाम राख्दिनँ, गैरकम्युनिष्ट नै नाम हुन्छ भन्नुभयो ।' रावलले पाँच दशक एमालेमा बिताएका थिए । तर, केहीदिनअघि बसेको सचिवालय बैठकले उनलाई संगठित सदस्य नरहने गरी कारबाही गरेको छ। कारबाहीपछि रावलले देशभरका नेता/कार्यकर्तासँग छलफल गरेर नयाँ पार्टी खोल्ने तयारी गरेका हुन् ।

## Lumbini Province Government
## Ministry of Social Development
## Social Development Division Office Rupandehi

Lumbini Province, Bhairahawa, Rupandehi Nepal

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

**Date of publication: 2081/09/16**

यस कार्यालयबाट प्रकाशित बिद्युतिय बोलपत्रको आव्हानको सूचना अनुसार तोकिएको मितिभित्र बिद्युतीय प्रणालीमा दाखिला भएका बोलपत्रहरुमध्ये बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन गरी न्यूनतम मुल्यांकित शिलबन्दी दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुदा यस कार्यालयको निर्णय अनुसार बिद्युतिय खरदि प्रणाली संचालन निर्देशका २०८० को ३४ (१) र सार्वजनकि खरिद ऐन २०६३ संशोधन सहितको दफा २७ (१) अनुसार तपसिलका शिलबन्दी दरभाउपत्र दाताहरु सारभूत रुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित शिलबन्दी दरभाउपत्रदाताको रुपमा छनौट भएको हुँदा सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लाग यो सूचना प्रकाशति गरएिको छ।

| S. N | Contract No/IFB | Bidder Name and Address | Evaluated Amount (without Vat and PS) NRs |
|---|---|---|---|
| 1 | SDDO-NCB-08 /081/082 | Omnath Construction, Gaidahawa-06, Rupandehi | 4700061.45 |
| 2 | SDDO/SQ-28 /081/082 | Saraswati Design and Construction Pvt. Ltd, Kathmandu-32 | 1166744.06 |
| 3 | SDDO/SQ-29 /081/082 | M.A.K Construction Trading and Suppliers Pvt. Ltd, Shantinager-31 Kathmandu | 1167316.30 |
| 4 | SDDO/SQ-20 /081/082 | Aaryatara Construction and Suppliers, Butwal-6 | 1633891.20 |
| 5 | SDDO/SQ-22 /081/082 | Aaryatara Construction and Suppliers, Butwal-6 | 708714.35 |

**Office chief**

## श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि.

सि.न.पा.-१२, देवकोटा चोक (एस.आर. कम्प्लेक्स) फोन नं.: ०७१- ५७३७९६, ५७५९९६

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री हुने गोप्य बोलपत्र आव्हान सहीत ३५ दिने अत्यन्त जरुरी सुचन

प्रकाशित मिती : २०८१।९।१६ गतेको राष्ट्रीय दैनिक लुम्बिनीमा

यस संस्थाका शेयर सदस्य तँपाई सन्तोष मुराउ ज्यूले कर्जा लिई कारोवार गर्नु भएको र ऋण लिने बेलामा गरेको लिखीत सम्झौता समेत भंग गरी बारम्बार मौखिक तथा टेलिफोनबाट पटक पटक ताकेता गर्दा र संस्थाबाट पत्र समेत काटदा पनि अटेर गरी कर्जा तिर्न तर्फ कुनै चासो नदेखाई संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज रकम तिर्न बुझाउन आलटाल बेवास्ता गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम मिती २०८१।५।२८ गते राष्ट्रीय दैनिक लुम्बिनीमा ऋण चुक्ता गर्न आउनु अन्यथा धितो लिलाम हुने भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण रकमको साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर भुक्तान नगरी बेवास्ता गरी बसेको हुंदा कर्जा असुलीका लागी यस संस्थागा कर्जा सुरक्षण वापत धितो बन्धक रोक्का रहेको तपसिलमा उल्लेखीत चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा खुल्ला बोल कबोल प्रक्रियाद्धारा लिलाम बिक्री गरी यस संस्थामा लिन बाँकी रकम असुल उपर गरी लिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरीएको छ। यस सूचनालाई समेत बेवास्ता गरी तोकिएको समय सम्म कर्जा चुक्ता हुन नआएमा उक्त सूचना प्रकाशित भएको मितीले ३६ औं दिन यसै सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने ब्यहोरा जानकारी गरिन्छ।

**तपसिल क्र.सं.**

| क्र.सं. | ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १ | ऋणीको नाम : सन्तोष मुराउ<br>बाबुको नाम : जनार्दन कोइरी<br>बाजेको नाम : हरिद्वार कोइरी<br>स्थायी ठेगाना : पोखरभीण्डी - ६,<br>ना.प्र.नं. : ३७३०१० / १३९<br>जारी मिती : २०६३।१२।१९ (रुपन्देही) | ऋणी सदस्यको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं. ३५४ क्षेत्रफल १-०-० - पजरकट्टी -२) |

**धितो लिलामका शर्तहरु**

१. संस्थाले तोकिएको मूल्य भन्दा बढी रकम कबोल गर्ने ब्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको १०% रकम सोही दिन संस्थामा जम्मा गर्नु पर्नेछ ।
२. सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति वा संस्थालाई उक्त सम्पत्ति दिने वा नदिने सम्पुर्ण अधिकार यसै संस्थामा निहीत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्ति वा संस्थाले सकार गरी स्वीकृती लिएको ७ दिन भित्र सम्पुर्ण रकम भुक्तानी गरी सक्नु पर्नेछ। तोकीएको समय भित्र सम्पुर्ण रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरीएको रकम स्वतः जफत हुनेछ।
४. लिलाम विक्री हुने अचल सम्पत्तिको सम्पुर्ण कागजात कार्यालय समय भित्र सम्पर्क राखी हेर्न सकिनेछ।
५. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति नामसारी दाखिल खारेज गर्द लाग्ने राजस्व लगायतका अन्य सम्पुर्ण शुल्क दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
६. धितो लिलामी मिति २००८१/१०/२२ गते संस्थाको कार्यालयमा कार्यालय समय भित्र हुनेछ। उक्त दिन सरकारी विदा वा कुनै कारणवश कार्यालय विदा परेमा सो दिनको भोली पल्ट पुनः लिलामीको कार्य हुनेछ।


ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297


## Siddharthanagar Municipality

**Office of the Municipal Executive**

**Siddharthanagar, Rupandehi**

## Invitation for Bids

**First Date of Publication: 2081-09-16 (31st December, 2024)**

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites sealed bids from duly eligible and qualified registered bidders for the procurement of following works under sealed quotation from **S.N. 1 to 4,** name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/SQ-27/081/082 | Construction and Upgrading of Kotahimai mandir Insfastructure of Ward No. 01. | NRs. 14,67,928.59 | NRs. 1000 | NRs. 35,000.00 (Thirty-Five Thousand Only) | N/A | 2081-10-03 (16th January, 2025)<br>Before 12:00 NOON | 2081-10-03 (16th January, 2025)<br>13:00 PM |
| 2 | SNP/SQ-28/081/082 | Construction and upgrading of toilet and other structure stage at Shree Lilaram Ma. Bi. of Ward no. 08 | NRs. 19,56,344.82 | NRs. 1000 | NRs. 45,000.00 (Forty-Five Thousand Only) | N/A | 2081-10-03 (16th January, 2025)<br>Before 12:00 NOON | 2081-10-03 (16th January, 2025)<br>13:00 PM |
| 3 | SNP/SQ-29/081/082 | of Upgrading and Construction of Darul Olam Mohamadiya Goushul Olum Madarasha at Khajana and Khajuria Samudayak Bhawan at Buddhashanti Path at Ward no 3 | NRs. 14,97,313.05 | NRs. 1000 | NRs. 35,000.00 (Thirty-Five Thousand Only) | N/A | 2081-10-03 (16th January, 2025)<br>Before 12:00 NOON | 2081-10-03 (16th January, 2025)<br>13:00 PM |
| 4 | SNP/SQ-30/081/082 | Upgrading and Construction of Road, Drain and other structures at chadkyapath east khelmaiden jane sadak at Ward no. 03 | NRs. 14,66,645.54 | NRs. 1000 | NRs. 35,000.00 (Thirty-Five Thousand Only) | N/A | 2081-10-03 (16th January, 2025)<br>Before 12:00 NOON | 2081-10-03 (16th January, 2025)<br>13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | Dharauti Khata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the office Siddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.1000.00 till 2081-10-02 (15th January, 2025) under sealed quotation from S.N. 1 to 4 during office hours in the Project's Rajaswa (revenue) account.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any amendment in the notice or bid documents will be posted in notice board of this office under sealed quotation from S.N. 1 to 4 mentioned above.

**Chief Administrative Officer**

दैनिक लुम्बिनी

# अक्सबृजद्वारा नयाँ विद्यार्थीलाई स्वागत




बुटवल । अक्सबृज इन्टरनेसनल एकेडेमीले नयाँ भर्ना भएका विद्यार्थीलाई एक कार्यक्रम गरी स्वागत गरेको छ । सो कार्यक्रममा स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन रोकिने र भएकाहरु विदेश पलायन हुने क्रमले जनशक्ति अभाव हुन थालेको वक्ताहरुले चिन्ता व्यक्त गरेका छन् । सरकार यस विषयमा नीतिगत रुपमा गम्भीर हुन नसके आगामी १० वर्षपछि नेपालमा विदेशबाट स्वास्थ्यकर्मी आयात गर्न पर्ने बाध्यता आउने वक्ताहरुले औल्याएका छन् ।

तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले प्राविधिक शिक्षालाई जीवनउपयोगी बनाएर लैजान जरुरी रहेको बताए । परीक्षाको समयमा मात्रै धेरै अध्ययन गर्नुभन्दा समय निर्धारण गरेर नियमिति रुपमा अध्ययन गर्दा सफलता मिल्ने उनले जनाए ।

कार्यक्रममा नेपाल चिकित्सक संघ लुम्बिनी प्रदेशका अध्यक्ष डा.कृष्ण खरेलले सूचना प्रविधि अहिलेको युगको आवश्यकता भए पनि युवा पुस्ताले यसको सही प्रयोग नगर्दा धेरै समस्या र जटिलता देखिएकाले यसतर्फ अभिभावक सचेत हुनुपर्ने तर्क गरे ।

अक्सबृजका कार्यबहाक अध्यक्ष गोबिन्द खनालले कलेजमा सिकेका विषयलाई व्यवहारिक जिवनमा उपयोग गर्न सकेमात्र अध्ययनको सार्थकता सावित हुने धारणा राखेका थिए । अक्सबृजका प्रबन्ध निर्देशक डीपी खनालले लुम्बिनी प्रदेशमा नै प्राविधिक शिक्षामा अक्सबृज एकेडेमी पुरानो र अगाडि रहेको भन्दै एकेडेमीमा ल्याब टेक्निसियन, एचए, प्रि डिप्लोमा ईन एग्रिकल्चर, प्रि डिप्लोमा ईन सिभिल इन्जिनियरिङ विषयमा अध्ययापन गराइदै आएको बताए ।

कार्यक्रममा लुम्बिनी प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्ट डा. ईन्द्र ढकाल , सिद्धार्थ बाल तथा महिला अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.विनोद पराजुली, भिम अस्पताल विकास समितिका अध्यक्ष डा. अनन्तकुमार शर्मा, डा. सुदर्शन थापा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् लुम्बिनी प्रदेशका सूचना अधिकृत डा. राजु भुसाललगायतले प्राविधिक शिक्षालाई सरकारले प्राथमिकता दिनुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा एकेडेमीको वार्षिक कार्यक्रमअन्तरगत आयोजना गरिएको सप्ताहव्यापी खेलकुद गतिविधिमा उत्कृष्ट खेलाडीहरुलाई पुरस्कार वितरण र सम्मान गरिएको थियो ।

बसन्तपुरमा जुलोजिस्टको राष्ट्रिय सम्मेलन

# ‘जैविक विविधता र पर्या पर्यटनको संरक्षण अपरिहार्य’




बुटवल । पाल्पाको तिनाउ गाउँपालिकाको बसन्तपुरमा प्राणीशास्त्र अनुसन्धानकर्ता प्राध्यापकहरूको राष्ट्रिय सम्मेलन भएको छ ।

सम्मेलनको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वातावरणीय सन्तुलन कायम राख्न हरेक जीवजन्तु, जैविक विविधता र पर्या पर्यटनको संरक्षण अपरिहार्य भएको बताए ।

मुख्यमन्त्री आचार्यले पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्न प्रदेश सरकारले हरेक क्षेत्रबाट सहकार्य गर्ने बताए ।

उनले प्राणीशास्त्रका खोज अनुसन्धानकर्ताहरुको खोज अनुसन्धानबाट प्राप्त नतिजालाई आधार मानेर सरकारले आफ्ना नीति, कार्यक्रम बनाउने प्रतिबद्धता जनाए ।

लुम्बिनी प्रदेश जैविक विविधताले धनी रहेको उल्लेख गर्दै लोपोन्मुख जीवजन्तुलाई बचाइराख्न जरुरी रहेकोमा उनको जोड थियो । ‘मानव जीवनको अस्तित्व जोगाउन पनि पारिस्थितिक प्रणाली संरक्षण गर्न जरुरी छ,’ मुख्यमन्त्री आचार्यले भने-‘विकास र समृद्धिको आधारको रुपमा वातावरणीय क्षेत्र लाई स्वीकार गरी यसको संरक्षण र मितव्ययी सदुपयोगमा संवेदनशील हुनुपर्छ ।’

प्राणीशास्त्र केन्द्रीय विभाग र नेपाल जूलोजिकल सोसाइटीको संयुक्त आयोजनामा भएको सम्मेलनले प्राज्ञिक, वैज्ञानिक, अनुसन्धानकर्ता र विद्यार्थीहरुलाई प्राणी विज्ञानको सबै पक्षमा अनुसन्धानको निष्कर्ष प्रस्तुत गर्ने नेपाल जुलोजिकल सोसाइटिका अध्यक्ष प्राध्यापक प्रा.डा. महेन्द्र महर्जनले बताए ।

सम्मेलनमा जैविक विविधता र पारिस्थितिक प्रणाली, मानव वन्यजन्तु द्वन्द र न्यूनीकरणलगायतका विषयमा छलफल भइरहेको छ । सम्मेलनमा देशभरबाट १५० भन्दा बढी प्राणी शास्त्रीहरुको सहभागिता रहेको सोाइटीका लुम्बिनी अध्यक्ष बाबुराम बञ्जाडेले बताए ।

लुम्बिनी प्रदेशकै पहिलो लुम्बिनी केबलकारको यात्रा गरी बसन्तपुर पुगेका मुख्यमन्त्री आचार्यसहित जुलोजिस्ट प्राध्यापक तथा अनुन्धानकर्ताहरुले बसन्तपुरस्थित प्रख्यात शक्तिपीठ कामाख्यादेवी मन्दिरको दर्शन समेत गरेका थिए ।

सो अवसरमा उनीहरुले बसन्तपुर स्वच्छ, सफा हरियालीयुक्त वातावरण भएको ठाउँ केबलकार बनेपछि उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको धारणा राखेका थिए । सम्मेलन आज सकिनेछ ।

# साई ग्लोबल कपमा रामम‍णि र होराइजन जीबीएस विजयी




भैरहवा । भैरहवामा जारी साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगितामा सोमबार भएका दुई खेलमा राममणि क्याम्पस (ए) र होराइजन जीबीएस विजयी भएका छन् । राममणि क्याम्पसले राममणि कलेज (बी)लाई ९९ रनले पराजित गर्दै विजयी हुँदा अर्को खेल होराइजनले नेपथ्य कलेजलाई ७१ रनले पराजित गर्दै जित हात पार्यो ।

यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको राममणि (ए)ले मौसमका कारण १७ ओभरमा छोट्याइएको खेलमा ३ विकेट गुमाएर १ सय ५७ रन बनायो । उसका लागि प्रतीक भट्टराईले अविजित ५० रनको अर्धशतकीय पारी खेले । यस्तै, शिवकुमार मौर्यले नटआउट ४८ र दर्शन रानाले १५ रन जोडे । बलिङमा राममणि कलेज (बी) का वसिम खानले २ र अनिश विकले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको राममणि कलेज (बी)ले १२ ओभरमा सबै विकेट गुमाएर ५८ रन मात्रै बनायो । उसलाई सस्तैमा रोक्न बलिङमा राममणि (ए) का तुल्सीराम भण्डारीले ३, शिवकुमार मौर्य, आरिस केसी र विकल अधिकारीले समान २-२ तथा रुपेश कुर्मीले १ विकेट हात पारे । राममणि कलेज (बी) का श्यामबहादुर चौहानले १७ रन बाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् र हार व्यहोर्यो । खेलमा शिवकुमार मौर्य प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको होराइजन जीबीएसले निर्धारित २० ओभरमा ९ विकेटको नोक्सानीमा १ सय ३४ रन बनायो । उसका लागि आरिफ खानले ५० रन बनाउँदै अर्धशतकीय पारी खेले । यस्तै, विपर्षण केसीले २६ र अन्सु चौधरीले अविजित १२ रनको योगदान गरे । बलिङमा नेपथ्यका विवेक विकले ३ तथा कृष्ण कार्की र मनिष थापाले २-२ विकेट लिए ।

प्रतिउत्तरमा नेपथ्य कलेज ९ ओभर ३ बलमा सबै विकेट गुमाउँदै ६३ रनमै समेटियो र हार व्यहोर्यो । उसलाई सस्तैमा रोक्न होराइजन जीबीएसका अन्सु चौधरीले ४ ओभरमा १ मेर्डनसहित १७ रन खर्चेर ८ विकेट लिए । यस्तै, सहज अर्यालले १ विकेट लिए । नेपथ्यका कृष्ण कार्कीले २६ र अन्जिल न्यौपानेले अविजित १३ रन बनाए पनि अन्य ब्याटर नचल्दा टिम सस्तैमा समेटियो । खेलमा अन्सु चौधरी प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ हात पारे ।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो । प्रतियोगिताको विजेता टिमले ५५ हजार, उपविजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ ।

यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएका छन् ।

# ‘रविमाथि सरकारको राजनीतिक पूर्वाग्रह’

बुटवल । नेकपा माओवादी केन्द्रका उप-महासचिव वर्षमान पुन ‘अनन्त’ले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि सरकारले राजनीतिक पूर्वाग्रह राखेको बताएका छन् ।

सोमबार प्यूठानको जुम्रीमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै पुनले अनुसन्धान भन्दै सरकारले विभिन्न जिल्लामा पुऱ्याउने काम गरेकोप्रति उनले आपत्ति जनाए ।

रवि लामिछानेमाथि छानविन गर्ने कुरा नाजायज नभए पनि प्रक्रिया नपुऱ्याइ मध्यरातमा उठाएर हिंडाउने कुरा नागरिक अधिकार विपरीतको कुरा भएको बताए । राजनीतिक पूर्वाग्रह राखेर नै रविलाई सरकारले अझैं धेरै जिल्ला घुमाउने तयारी गरेको उनले बताए । न्यायिक प्रक्रिया जारी रहनु स्वभाविक भए पनि प्रक्रिया गलत भएको उनले बताए ।

पूर्व अर्थमन्त्री समेत रहेका पुनले कालो धनलाई सेतो बनाउन सहकारी दुरुपयोग भएको भन्दै बचत तथा ऋण सहकारीहरू नियमन गर्ने अधिकार सम्पन्न निकाय गठन हुनुपर्ने बताए ।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
सडक विभाग
**सडक डिभिजन बुटवल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०९/१६

यस डिभिजन कार्यालयबाट मिति २०८१/०८/०५ मा www.bolpatra.gov.np/egp मा तथा सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना नं DROBTL05/081/82 बमोजिम बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम छनौट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७(२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S.N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount including VAT & P.S.(NRs.) |
|---|---|---|---|
| 1 | DROBTL/33701169/081/82-33 | M/S Shiv Shakti Real State and Saurab Construction Pvt. Ltd, Bardaghat-4, Nawalparasi | 7,901,252.82 |
| 2 | DROBTL/337310113/081/82-34 | M/S Kushal and Sahil construction company Private Limited, Pokhara | 12,996,004.89 |

डिभिजन प्रमुख

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com